मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

# गाउँपालिका प्रहरी सम्बन्धी ऐन,२०८१

गाउँसभाबाट पारित मितिः २०८१/१०/३०

प्रकाशन मितिः २०८१/१०/३०

**प्रस्तावनाः**

मालिका गाउँपालिकाको सुरक्षा ,न्यायिक समिति र कार्यपालिकाबाट भएका राजस्व, कर र दस्तुर असुलि तथा शान्ति सुरक्षा लायतका निर्णय कार्यान्नियन गरि राजस्व असुलि गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ (१) ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँपालिकाको गाउँसभाले यो "गाउँ प्रहरी सम्बन्धी ऐन, २०८१ बनाई लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) गाउँपालिकाको यो ऐन को नाम **"गाउँ प्रहरी सम्बन्धि ऐन, २०८१"** रहेको छ।

(ख) यो ऐन मालिका गाउँसभाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"ऐनः** भन्नाले स्यानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले मालिका गाउँपालिकालाई सम्झनु पर्छ।

(ग) "**कार्यालय**" भन्नाले मालिका गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले मालिका गाउँपालिकाको यस ऐन बमोजिम गठित पदपुर्ति समितिलाई सम्झनु पर्दछ।

(ङ) **"गाउँ प्रहरी"** भन्नाले मालिका गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(च) "**भत्ता**" भन्नाले मालिका गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

(छ) "**आर्थिक वर्ष**" भन्नाले प्रतेक वर्षको श्रावन १ गते देखी शुरु भई असार मसान्त सम्मको १ वर्षको समय अवधिलाई सम्झनु पर्दछ।

(ज) "**कार्यपालिका**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(झ) **"गाउँसभा"** भन्नाले मालिका गाउँपालिकाको सभा सम्झनु पर्दछ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नेपाल सरकार द्वारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा मालिका गाउँपालिकामा काम काज गर्न खटाइएको अधिकृतलाई सम्झनु पर्दछ।

वेग प्रसाद गर्बुजा
अध्यक्ष

